जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

वर्ष : ४ अंक : ६१ २०८३ साल असार ०२ गते, मंगलबार Tuesday, June– 16 2026 मूल्य रु. ५/- पृष्ठ : ४

सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

## मधेश प्रदेशको ४१ अर्ब १३ करोडको बजेट सार्वजनिक, कृषि, पूर्वाधार र सुशासनमा जोड

*जनकपुरधाम, असार १ ।*
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। प्रदेश सभाको सोमबार बसेको बैठकमा अर्थमन्त्री युवराज भट्टराईले राजस्व तथा व्ययको वार्षिक अनुमान प्रस्तुत गर्दै आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेका हुन्।



प्रदेश सरकारले सार्वजनिक गरेको बजेटमा विकास निर्माण, कृषि आधुनिकीकरण, उत्पादन वृद्धि, स्वास्थ्य सेवा विस्तार, सामाजिक सुरक्षा तथा सुशासनलाई प्राथमिकतामा राखिएको जनाएको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा बजेटको आकार केही घटाइए पनि उपलब्ध स्रोत र प्रदेशको आर्थिक क्षमतालाई ध्यानमा राखेर यथार्थपरक बजेट ल्याइएको सरकारको दाबी छ।
बजेटअनुसार कुल विनियोजनमध्ये चालु खर्चतर्फ १४ अर्ब ६६ करोड रुपैयाँ अर्थात् ३५ दशमलव ६४ प्रतिशत रकम छुट्याइएको छ भने पुँजीगत खर्चतर्फ २६ अर्ब ४७ करोड रुपैयाँ अर्थात् ६४ दशमलव ३६ प्रतिशत बजेट विनियोजन गरिएको छ। कुल बजेटको दुई तिहाइभन्दा बढी हिस्सा पुँजीगत खर्चमा राखिएकाले विकास निर्माण र पूर्वाधार विस्तारमा प्रदेश सरकारले विशेष जोड दिएको स्पष्ट देखिन्छ।
अर्थमन्त्री भट्टराईले प्रदेशको आर्थिक विकासका लागि कृषि क्षेत्रलाई बजेटको केन्द्रबिन्दुमा राखिएको बताए। मधेश प्रदेशको अर्थतन्त्र मुख्यतः कृषि क्षेत्रमा आधारित रहेकाले उत्पादन वृद्धि, सिँचाइ विस्तार, कृषि आधुनिकीकरण, भण्डारण तथा बजारीकरणका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइने उनले जानकारी दिए।
त्यसैगरी सडक, पुल, खानेपानी, सिंचाइ, शिक्षा तथा स्वास्थ्य पूर्वाधार निर्माणका कार्यक्रमलाई पनि बजेटमा समेटिएको छ। प्रदेश सरकारले ग्रामीण क्षेत्रसम्म आधारभूत सेवा विस्तार गर्ने, उत्पादनशील क्षेत्रको विकास गर्ने तथा रोजगारी सिर्जनामा योगदान पुग्ने योजनाहरूलाई प्राथमिकता दिएको जनाएको छ।
बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनबारे जानकारी दिँदै अर्थमन्त्री भट्टराईले आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको बताए। यस्तै, संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटमार्फत १२ अर्ब ८३ करोड रुपैयाँ प्राप्त हुने अपेक्षा गरिएको छ।
त्यसैगरी वित्तीय समानीकरण अनुदानबाट ९ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ भने गत आर्थिक वर्षको नगद मौज्दातबाट ६ अर्ब ८ करोड ५२ लाख रुपैयाँ परिचालन गरिनेछ।
प्रदेश सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै बजेट कार्यान्वयन गर्ने लक्ष्य लिएको जनाएको छ।
बजेटमा सुशासन, पारदर्शिता, दिगो विकास तथा वातावरणीय सन्तुलनलाई समेत विशेष प्राथमिकतामा राखिएको छ। सार्वजनिक खर्चलाई नतिजामुखी बनाउने, सरकारी सेवा प्रवाहलाई

बाँकी दोस्रो पृष्ठमा

## बारामा आर्थिक गणना अन्तिम चरणमा, २१ हजार भन्दा बढी प्रतिष्ठानको विवरण संकलन

***संवाहक सम्वादाता**-०१ असार, कलैया*
राष्ट्रिय आर्थिक गणना-२०८२ अन्तर्गत बारा जिल्लामा सञ्चालन भइरहेको स्थलगत तथ्याङ्क सङ्कलन कार्य अन्तिम चरणमा पुगेको छ। हालसम्म जिल्लाभरका २१ हजार ७४ वटा व्यवसाय तथा प्रतिष्ठानको गणना सम्पन्न भएको छ।






जिल्ला आर्थिक गणना कार्यालय, बाराका जिल्ला आर्थिक गणना अधिकारी राजेश दासका अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौंले बारामा २० हजार ९ सय २१ प्रतिष्ठानको गणना गर्ने लक्ष्य निर्धारण गरेको थियो। तर, हालसम्मको तथ्याङ्क सङ्कलनले निर्धारित लक्ष्यलाई समेत पार गरेको छ।
प्रारम्भिक तथ्याङ्कले पछिल्ला वर्षहरूमा बारामा आर्थिक गतिविधि विस्तार हुँदै गएको तथा व्यावसायिक प्रतिष्ठानको संख्या उल्लेख्य रूपमा वृद्धि भएको देखाएको छ। यसले जिल्लाको आर्थिक क्षेत्र क्रमशः सुदृढ बन्दै गएको संकेत गरेको अधिकारी दासले बताए।
नेपाल सरकारको राष्ट्रिय तथ्याङ्क कार्यालयले "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नारासहित दोस्रो राष्ट्रिय आर्थिक गणना-२०८२ सञ्चालन गरिरहेको छ। देशभर २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म स्थलगत तथ्याङ्क सङ्कलन कार्य जारी रहेको छ।
गणना कार्यलाई प्रभावकारी बनाउन बारा जिल्लामा ६६ जना

बाँकी दोस्रो पृष्ठमा

## इँटाभट्टाको पानी भरिएको खाडलमा डुबेर १० वर्षीय बालकको मृत्यु

***संवाहक सम्वादाता**-०१ असार, कलैया*
रौतहटको बौधीमाई नगरपालिका-६ स्थित बलवान इँटा उद्योग नजिक रहेको पानी भरिएको खाडलमा डुबेर १० वर्षीय बालकको मृत्यु भएको छ।



जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार स्थानीय दीपेन्द्र राय यादवका १० वर्षीय छोरा सुप्रित यादव सोमबार दिउँसो करिब १२:४५ बजे खाडलमा डुबेको अवस्थामा मृत फेला परेका हुन्।
घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कोपवा पिपरियाबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। त्यसपछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट इन्स्पेक्टर विश्वनाथ यादवको नेतृत्वमा अनुसन्धान टोली खटिएर घटनाबारे थप अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ।
प्रहरीले घटनास्थलमा आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको छ। बालक कसरी खाडलमा पुगे र डुबेर मृत्यु हुन पुग्यो भन्ने विषयमा अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।
स्थानीयवासीका अनुसार इँटाभट्टाका लागि माटो निकाल्न खनिएका खाडलहरू काम सकिएपछि नपुरिँदा वर्षायाममा

बाँकी तेस्रो पृष्ठमा

## प्रदेशिक अस्पताल कलैया: बेथितिको चक्रमा अल्झिएको स्वास्थ्य सेवा

***"प्रदेशिक अस्पताल कलैयामा पदपूर्ति रोकिँदा, सेवा ढिलाइ र अनियमितताका आरोपसँगै जनविश्वास कमजोर बनेको छ। तत्काल पारदर्शी समाधान आवश्यक देखिन्छ।"***



*लेखक: पन्नालाल दास*

प्रदेशिक अस्पताल कलैया पछिल्ला दिनमा स्वास्थ्य सेवा सुधारभन्दा पनि प्रशासनिक अन्योल, पदपूर्तिको विवाद र सेवा प्रवाहमा देखिएको कमजोरीका कारण बढी चर्चामा छ। जनताको उपचारको भरोसास्थल बन्नुपर्ने अस्पतालभित्रका गतिविधिले भने सुशासन र पारदर्शितामाथि गम्भीर प्रश्न उठाएको छ।
करार पदपूर्तिको प्रक्रियादेखि नै विवादको श्रृंखला सुरु भएको देखिन्छ। बाँडफाँडको सेटिङको उजागर भएको छ। प्रदेश देखि अस्पतालको सरोकारवालाको नियत बिठो अडकिएको आरोप मात्रै नभई व्यापक चर्चा छ। अस्पतालमा सात वटा करार दरबन्दीका लागि सूचना आह्वान गरिँदा करिब १५० जनाले आवेदन दिएका थिए। आवेदन शुल्कबाट मात्रै करिब ९० हजार रुपैयाँ संकलन भएको बताइन्छ। अस्पताल विकास समिति, मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय, स्वास्थ्य मन्त्रालय र पदपूर्ति समितिको समन्वयमा प्रक्रिया अघि बढाइएको भए पनि प्रारम्भदेखि नै निर्णयहरू अस्थिर देखिएका छन्।
लिखित परीक्षा तीन पटकसम्म सारिएपछि अन्ततः गत महिनाको २३ र २४ गते विज्ञ नियुक्त गरी परीक्षा सञ्चालन गरिएको थियो। डा. जयन्त मिश्राको संयोजकत्वमा पदपूर्ति समिति गठन गरिएको र परीक्षामा सहभागी उम्मेदवारहरूले निष्पक्षता र पारदर्शिताको अपेक्षासहित सहभागिता जनाएको अवस्था थियो। बाहिरबाट आएका योग्य उम्मेदवारहरूले समेत स्थानीय तहमा सेवा गर्ने आशा बोकेका थिए।
तर परीक्षा सम्पन्न भइसकेपछि नतिजा सार्वजनिक नगरी स्वास्थ्य मन्त्रालयबाटै स्थगनको सूचना जारी भएपछि प्रक्रिया थप विवादित बनेको छ। यसले योग्य उम्मेदवारहरूलाई अन्योलमा पार्नुका साथै समग्र प्रक्रियाको विश्वसनीयतामाथि प्रश्न उठाएको छ।
यसैबीच, अस्पताल प्रशासनमा भएका सरुवा र नेतृत्व परिवर्तनले पनि निर्णय प्रक्रियामा असर पारेको चर्चा छ। तत्कालीन मेसु डा. अजय साहको सरुवा र त्यसपछि डा. राहुलले अस्पतालको नेतृत्व सम्हालेपछि पदपूर्ति प्रक्रिया र प्रशासनिक निर्णयमा प्रभाव परेको आशंका स्थानीयस्तरमा व्यक्त गरिएको छ। यद्यपि यसबारे

बाँकी तेस्रो पृष्ठमा

## भारतीय बाँधले बढायो डुबानको जोखिम, गौरसहित दर्जनौँ बस्ती त्रासमा

***संवाहक सम्वादाता**-०१ असार, कलैया*
नेपाल-भारत सीमा क्षेत्रस्थित बैरगनिया नजिक भारतीय पक्षले निर्माण गरेको बाँधलाई मर्मतका नाममा थप अग्लो र फराकिलो बनाइएको भन्दै रौतहटका स्थानीयवासीले गम्भीर चिन्ता व्यक्त गरेका छन्। उनीहरूका अनुसार यसले आगामी वर्षायाममा गौरसहित सीमावर्ती दर्जनौँ नेपाली बस्तीमा डुबानको जोखिम झन् बढाएको छ।



स्थानीयका अनुसार भारतले आफ्नो क्षेत्रलाई बाढीबाट जोगाउन निर्माण गरेको करिब पाँच किलोमिटर लामो बाँधका कारण नेपालतर्फको प्राकृतिक जलनिकास प्रभावित हुँदै आएको छ। बागमती, लालबकैया र बकैया नदीको पानीले सहज निकास पाउन नसक्दा गौर, बेलबिछुवा, ब्रह्मपुरी लक्ष्मीपुर, बैरिया, औरैया र बन्जरहा लगायतका क्षेत्र वर्षेनि डुबानको चपेटामा पर्दै आएका छन्।
स्थानीयवासीको दाबीअनुसार

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# बाराको सीमा कसले चलाइरहेको छ ?

नेपाल-भारत सीमामा तैनाथ सुरक्षाकर्मीको संख्या हेर्दा लाग्छ, यहाँ चरा पनि अनुमति बिना उड्न सक्दैन। तर वास्तविकता ठीक उल्टो देखिन्छ। बारा जिल्लाका सीमावर्ती क्षेत्रहरूमा भइरहेको भनिएको तस्करी गतिविधिले एउटा गम्भीर प्रश्न उठाएको छ–सीमा राज्यले चलाइरहेको छ कि तस्करहरूले?

सिम्रौनगढदेखि मटिअर्वा, पिपरपातीदेखि मुसहर्वा, कवहीगोठदेखि छतवासम्म स्थानीय बासिन्दाको मुखमा एउटै गुनासो छ–तस्करी रोकिएको छैन, बरु झनै संस्थागत बन्दै गएको छ। कपडा, खाद्यान्न, बीउबिजन, चकलेट, काजु-किसमिसदेखि अन्य उपभोग्य वस्तुसम्म खुलेआम सीमा वारपार भइरहेको आरोप छ। अझ आश्चर्यको कुरा त स्थानीय तहमा तस्करीमा संलग्न भनिएका व्यक्तिहरूको नामसमेत खुला रूपमा चर्चा हुन थालेको छ। यदि यी आरोपहरू गलत हुन् भने राज्यले तुरुन्त प्रमाणसहित खण्डन गर्नुपर्छ। तर यदि सत्यको केही अंश पनि छ भने त्यो केवल तस्करीको विषय होइन, राज्य संयन्त्रको असफलताको प्रमाण हो। सीमामा सशस्त्र प्रहरी छ, नेपाल प्रहरी छ, भन्सार छ, गस्ती छ, चेकपोष्ट छन्। त्यसो भए दैनिक लाखौं रुपैयाँ बराबरको सामान कसरी भित्रिन्छ ? कुन बाटोबाट आउँछ ? कसले संरक्षण दिन्छ ? किन पक्राउ पर्दैनन् मुख्य कारोबारी ? यी प्रश्नहरूको जवाफ दिन सुरक्षा निकाय सधैं तयार देखिँदैन। बरु प्रत्येक पटक एउटै घिसेपिटे उत्तर आउँछ–"अनुसन्धान भइरहेको छ", "कडाइ गरिएको छ", "निगरानी बढाइएको छ।"

वास्तविकता भने फरक देखिन्छ। जब तस्करीबारे स्थानीयले दिनहुँ औंला उठाउँछन्, जब अवैध सामानका मार्गहरू गाउँगाउँमा सबैलाई थाहा हुन्छन्, जब मोटरसाइकल र चारपाङ्ग्रे सवारीमार्फत नियमित ओसारपसार भइरहेको चर्चा हुन्छ, तब केवल विज्ञप्तीले जनतालाई विश्वस्त बनाउन सकिँदैन। सबैभन्दा खतरनाक कुरा के हो भने अहिले सीमावर्ती क्षेत्रमा कानूनभन्दा "सेटिङ" बलियो भएको जनधारणा विकास हुँदै गएको छ। यो धारणा सही हो वा गलत, त्यसको परीक्षण अनुसन्धानले गर्ने हो। तर यस्तो विश्वास पैदा हुनु नै सुरक्षा संयन्त्रका लागि लज्जास्पद अवस्था हो। जब नागरिकले प्रहरीभन्दा तस्करलाई शक्तिशाली देख्न थाल्छ, त्यहाँ राज्यको उपस्थितिमाथि प्रश्न उठ्न थाल्छ। तस्करी केवल राजस्व चुहावटको विषय होइन। यो संगठित अपराधको प्रवेशद्वार हो। जहाँ तस्करी मौलाउँछ, त्यहाँ भ्रष्टाचार, आर्थिक अपराध, कालोबजारी र राजनीतिक संरक्षणको जालो पनि विस्तार हुँदै जान्छ। त्यसैले तस्करी नियन्त्रणको असफलता अन्ततः सुशासनको असफलतामा रूपान्तरण हुन्छ। आज बाराको सीमामा उठेको प्रश्न कुनै एक प्रहरी चौकी, एक कार्यालय वा एक अधिकृतमाथिको आरोप मात्र होइन। यो समग्र सुरक्षा संरचनाको परीक्षण हो। यदि सीमा साँच्चिकै सुरक्षित छ भने अवैध कारोबार किन रोकिएन ? यदि तस्करी नियन्त्रणमा छ भने स्थानीयको आक्रोश किन बढिरहेको छ ? यदि निगरानी प्रभावकारी छ भने बारम्बार उही मार्ग र उही नामहरू किन दोहोरिइरहेका छन् ?

सरकार, गृह प्रशासन र सुरक्षा निकायले अब औपचारिक जवाफभन्दा परिणाम देखाउनुपर्छ। सीमामा कति गस्ती भयो भन्ने होइन, कति तस्करी रोकियो भन्ने प्रश्नको उत्तर चाहिएको छ। कति बैठक बस्यो भन्ने होइन, कति मुख्य कारोबारी कानुनी दायरामा आए भन्ने प्रमाण चाहिएको छ।

अन्यथा जनताले एउटा निष्कर्ष निकाल्न बाध्य हुनेछन्–बाराको सीमा नेपालको नक्साभित्र भए पनि नियन्त्रण राज्यको हातमा छैन। र त्यो निष्कर्ष कुनै पनि लोकतान्त्रिक राज्यका लागि सबैभन्दा ठूलो असफलता हुनेछ।

# शालिग्राम पर्यटन



कालीगण्डकी नदीले कटान गरेको बगरमा सजाइएका भगवान्सँगै जलवायु परिवर्तनका कारण भोग्नु परेको असर, आठौं शताब्दीमा निर्माण भएको मुस्ताङको ऐतिहासिक स्थल घरपझोङ किल्लासहित विभिन्न प्राचीनकालीन सभ्यता झल्किने गरी ढुङ्गामा विभिन्न कला कुँदिएको छ । अहिले यस स्थानमा स्वदेशी तथा विदेशी पर्यटक पुग्न थालेका छन् ।

हरिकृष्ण शर्मा

कालीगण्डकीको लहरसँगै बग्ने अनादिकालको शालिग्राम सभ्यता, मुक्तिनाथको मोक्षभूमि र दुर्गम तर पवित्र दामोदरकुण्डको महिमाले मुस्ताङलाई सधैं एउटा रहस्यमयी र अलौकिक गन्तव्य बनाएको छ। हालै जोमसोममा प्रतिस्थापन गरिएको २२ फिट अग्लो भव्य शालिग्राम मूर्ति र शङ्कराचार्यको आगमनले यो देवभूमिलाई नयाँ धार्मिक र पर्यटकीय ऊर्जा दिएको छ । एकातिर स्थानीय तहले कलात्मक र ऐतिहासिक पहिचान जोगाउँदै पर्यटकको बसाइ लम्ब्याउन लोभलाग्दो प्रयास गरिरहेका छन् भने अर्कातिर सरकारले 'शालिग्रामपथ' मार्फत यस क्षेत्रलाई विश्वकै आकर्षक धार्मिक 'सर्किट' का रूपमा विकास गर्ने नयाँ योजना अघि सारेको छ । प्राकृतिक सौन्दर्य र अध्यात्मको यो अनुपम सङ्गमले कसरी मुस्ताङको भविष्य बदल्दै छ त ? आउनुहोस्, यसको रोचक नालीबेली बुझौं :

### *शालिग्राम दर्शन खुला*

दक्षिणाम्नाय शारदापीठ शृङ्गेरीका शङ्कराचार्य श्री विधुशेखर भारती सन्निधानमले २०८३ जेठ दोस्रो साता मुस्ताङको भ्रमण गर्नुभयो । त्यस क्रममा उहाँले घरपझोङ गाउँपालिका-४, जोमसोमस्थित कालीगण्डकी नदीको तटीय क्षेत्रमा निर्मित २२ फिटको शालिग्राम मूर्तिमा प्राणप्रतिष्ठा गर्नुभयो। उहाँले दीप प्रज्वलन र फूलमाला चढाएर शालिग्राम शिलाको प्राणप्रतिष्ठा गर्नुभएपछि अहिले यसलाई दर्शनका लागि खुला गरिएको छ। कालो रङको बाटुलो, चिल्लो शालिग्रामलाई वैष्णव तथा अन्य सनातनीले विष्णुको अवतारका रूपमा पुज्दै आएका छन् ।

विश्वभर कालीगण्डकी नदीमा मात्र पाइने तथा हिन्दु धर्मावलम्बीले पवित्र मान्ने शालिग्रामको संरक्षणसँगै यस क्षेत्रको प्रचारप्रसारका लागि घरपझोङ गाउँपालिका र ललितकला प्रज्ञा-प्रतिष्ठानको प्राविधिक सहयोगमा हालै यहाँ राष्ट्रिय मूर्तिकला कार्यशाला आयोजना गरियो । कार्यशालामार्फत करिब एक महिनामा यहाँ विभिन्न मूर्ति तयार गरिएको छ । उपल्लो मुस्ताङमा रहेको दामोदरकुण्ड कागखोला, कालीगण्डकी नदी हुँदै बग्छ । शालिग्रामको महिमा, सभ्यता र शालिग्राम लोप हुनबाट जोगाउने तथा जलसम्पदा, जङ्गल, जमिन, प्रकृति, पर्यावरणलगायत धार्मिक पर्यटन प्रवर्धन गर्न समुदायको सक्रियता बढेको छ । सदरमुकाम जोमसोमको सार्वजनिक स्थानमा धार्मिक तथा पर्यटन प्रवर्धन गर्ने उद्देश्यले ललितकला प्रज्ञा-प्रतिष्ठानका अनुभवी मूर्तिकारले शिव, पार्वती, विष्णु, नारायण, बुद्धलगायत भगवान्का साथै मुस्ताङको हिमाली क्षेत्रमा वासस्थान रहेको हिउँचितुवा, याक, नाकलगायत अन्य जङ्गली जनावरलाई शिलामा कुँदेका छन् । कालीगण्डकी नदीले कटान गरेको बगरमा सजाइएका भगवान्सँगै जलवायु परिवर्तनका कारण भोग्नु परेको असर, आठौं शताब्दीमा निर्माण भएको मुस्ताङको ऐतिहासिक स्थल घरपझोङ किल्लासहित विभिन्न प्राचीनकालीन सभ्यता झल्किने गरी ढुङ्गामा विभिन्न कला कुँदिएको छ । अहिले यस स्थानमा स्वदेशी तथा विदेशी पर्यटक पुग्न थालेका छन् । यहाँको कलाले मुस्ताङको धार्मिक, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, जैविक विविधतासहित समग्र जिल्लाको पहिचानलाई झल्काएको छ। कालीगण्डकी नदी ढुङ्गामाटोले उकासिएर बस्तीनजिक पुगेको अवस्थामा खेर गएका शिलालाई प्रयोग गरी सुरु गरिएको कलात्मक प्रयास निकै लोभलाग्दो छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस क्षेत्रको भ्रमण गर्नुभएपछि भारतीय धार्मिक पर्यटकको सङ्ख्या ह्वात्तै बढेको मुक्तिनाथ मन्दिरमा शङ्कराचार्य विधुशेखर भारती सन्निधानको आगमनले पर्यटक थप बढ्ने अनुमान छ। समुद्री सतहबाट ११ सय ७२ देखि आठ हजार १६७ मिटरको उचाइमा अवस्थित जिल्लाभित्र रहेका वैभवशाली इतिहास, पुरातात्त्विक सम्पदालाई चिनाउन बनाइएको मूर्तिसहितको कलात्मक चित्रले मुस्ताङको पर्यटन विकासमा समेत अतुलनीय योगदान पुगेको छ। थकाली, लोवा, गुरुङ, दलित जातिको बाहुल्य रहेको मुस्ताङ जिल्ला हिन्दु र बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्र भएकाले धार्मिक पर्यटकको बसाइ लम्ब्याउन विभिन्न प्रयास भएका छन्। सडक, हवाई र पदमार्ग हुँदै मुस्ताङ प्रवेश गर्ने धार्मिक तथा अन्य पर्यटक बर्सेनि १० लाखभन्दा बढी छन् । नेपालीपछि सबैभन्दा धेरै भारतीय पुग्ने मुक्तिनाथ मन्दिरले विश्वभर मुस्ताङको प्रचारप्रसार गरेको छ ।

### *बजेटमा मुस्ताङको धार्मिक क्षेत्र*

नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत धार्मिक र सांस्कृतिक सर्किटको विकासका लागि मुस्ताङलाई प्राथमिकतामा राखेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको बजेटमा 'शालिग्रामपथ' मार्फत भगवान् बुद्धको जन्मस्थान लुम्बिनीदेखि मुक्तिनाथसम्मका धार्मिक स्थलहरू समेटेर 'निर्वाणपथ' र दामोदरकुण्ड हुँदै बग्ने कालीगण्डकी नदीको सभ्यता जोगाउन त्रिवेणीधाम, देवघाट, रुरुक्षेत्र, कागबेनी र मुक्तिनाथलाई एकीकृत गरी 'शालिग्रामपथ' निर्माण गरिने उल्लेख छ । त्यस्तै गण्डकी प्रदेश सरकारले मुस्ताङको प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्ने भएको छ । आव २०८३/८४ को नीति तथा कार्यक्रममा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा समुद्री सतहदेखि तीन हजार ७१० मिटरको उचाइमा अवस्थित हिन्दु तथा बौद्धमार्गीको महत्वपूर्ण तीर्थस्थलका रूपमा चिनिएको मुक्तिनाथ मन्दिरलाई प्राथमिकतामा राखिएको छ । मुक्तिनाथ मन्दिरमा बर्सेनि आठ लाखभन्दा बढी धार्मिक पर्यटक पुग्छन् ।

हिन्दु धर्मग्रन्थ अनुसार मुक्ति प्राप्तिका लागि उहिल्यै ब्रह्माले मुक्तिनाथमा योगरूप यज्ञ गरेको इतिहास छ । भगवान् विष्णुले तपस्या गर्दा उहाँको शरीरबाट छुटेका पसिनाले जलको रूप धारण गरी १०८ धाराको रूप लिएकाले धारामा स्नान गर्दा मोक्ष प्राप्त हुने धार्मिक विश्वास रहेको पुजारी कृष्णप्रसाद सुवेदी बताउनुहुन्छ। मुक्तिक्षेत्रको नामले समेत चिनिने मुक्तिनाथमा सूर्यकुण्ड, दुधकुण्डलगायत पवित्र कुण्डहरू छन् । नेपाल सरकारले धार्मिक पर्यटकलाई एक पटक मुस्ताङका धार्मिक क्षेत्रको भ्रमणका लागि जाने वातावरण बनाउने प्रयासमा यस पटकको सङ्घीय बजेटले केही आशा पलाएको मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजु लालचनको भनाइ छ । धार्मिक पर्यटनलाई थप सहज बनाउन कालीगण्डकीको सङ्गममा रहेको कागबेनीलाई समेत समेट्नु पर्छ। कागबेनीमा पितृश्राद्ध गरेपछि पितृहरूको मोक्ष हुने मान्यता छ।

### *आस्थाको धरोहर*

उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ मा रहेको पवित्र तीर्थस्थल दामोदरकुण्ड हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको धरोहर हो । समुद्री सतहबाट चार हजार ८९० मिटर उचाइमा रहेको दामोदरकुण्डमा एकरातमा करिब एक सय भक्तजन बस्न मिल्ने गरी धर्मशाला बनाइएको छ । दामोदरकुण्डलाई मुक्तिक्षेत्रको शिर तथा कालीगण्डकी नदीको मुहान मानिन्छ। यस वर्षका लागि जेठ महिनाको दोस्रो सातादेखि भक्तजन र पर्यटकलाई अवलोकन तथा दर्शनका लागि खुला गरिएको छ। दामोदरकुण्ड क्षेत्रमा रहेको धर्मशालामा निःशुल्क भोजनसहितको सुविधा साउन महिनासम्म उपलब्ध हुने छ । याराघाराका ६५ वर्षीय डन्डु गुरुङले धर्मशाला सञ्चालन गर्नुभएको छ । दामोदरकुण्डको दर्शनका लागि जाने भक्तजनलाई लक्ष्य गरी सडक तथा पदमार्गसमेत मर्मत गरिएको छ। कालीगण्डकी कोरिडोरको जोमसोम-कोरला सडक हुँदै उपल्लो मुस्ताङको चराङसम्म पुगेपछि त्यहाँबाट दुई घण्टामा सवारीसाधन मार्फत झुमा ठाँटी पुगिन्छ । बाटो सहज नहुँदा तीर्थालुले घोडामा सयर गर्ने गरेका छन् । घोडा र पैदलयात्राबाट दामोदरकुण्डको यात्रा कठिनपूर्ण छ । दामोदरकुण्ड मुक्तिनाथ विकास समितिको मातहतमा रहेको छ । पैदलयात्रामा समस्या हुनेलाई दामोदरकुण्ड जान र आउन प्रतिघोडा १० हजार रुपियाँसम्म शुल्क लिने गरिन्छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकाले घिमीठाँटी र दामोदरकुण्डमा निःशुल्क भोजन तथा आवासको सुविधा उपलब्ध गराएकाले पछिल्लो समय तीर्थयात्री र पर्यटकलाई सहज भएको छ । भक्तजन र पर्यटकलाई लेक लागेको अवस्थामा उद्धार तथा औषधी उपचारसमेत गरिन्छ । बर्सेनि तीन हजारको हाराहारीमा भक्तजन त्यहाँ पुग्ने गरेका छन् । कुबेरका छोराहरूले दामोदरकुण्डमा स्नान गरी पाप पखालेको धार्मिक मान्यता छ । कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम शिला पाइने भएकाले यस क्षेत्रबाट घरमा रहेको मन्दिरमा राख्ने गरी शालिग्राम तथा जल लिएर जाने गरिन्छ । हिन्दु धर्मग्रन्थहरूमा कृष्णगण्डकी नदीको व्याख्या छ । वराहपुराण अनुसार महर्षि गण्डककी सुपुत्री गण्डकीले श्रीकृष्णको तपस्या गरी आफू गण्डकी नदी र श्रीकृष्णलाई सुपुत्रका रूपमा शालिग्रामको स्वरूपमा प्रकट गराएको उल्लेख छ । दामोदरकुण्डमा तीन वटा जलाशय चक्रकुण्ड, दुधकुण्ड र तामाकुण्ड छन् । यीमध्ये मुख्य कुण्ड चक्रकुण्ड हो । चक्रकुण्ड र दुधकुण्ड एक स्थानमा पर्छन् भने तामाकुण्ड करिब एक सय मिटर टाढा छ ।

### *बगैंचा बनाउने योजना*

मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिकाका प्रमुख मोहनसिंह लालचनका अनुसार शारदा पीठ, आद्य शङ्कराचार्यले हिन्दु धर्मको रक्षा र उत्थानका लागि स्थापना गरेका चार प्रमुख पीठमध्ये पहिलो र जेठो पीठका शङ्कराचार्य श्री विधुशेखरले शालिग्राम मूर्तिको प्राणप्रतिष्ठा गर्नुभएपछि यो क्षेत्र अहिले भारतीय पर्यटकको रोजाइमा परेको छ । भारतीय पर्यटक दैनिक रूपमा कालीगण्डकी नदीमै पुगेर फोटो खिच्ने गरेका छन्। सडक सञ्जाल सहज भएपछि मुस्ताङ घुमेर फर्किने धार्मिक तथा अन्य पर्यटकलाई लक्ष्य गरी ढुङ्गामा रहेका भगवान्सहितका कलात्मक आकृति थप व्यवस्थित गरिने योजना छ। यो मूर्तिको बगैंचा हिन्दु र बौद्ध धर्मावलम्बीका लागि मात्र होइन, संसारभरका पर्यटकका लागि उपहार बन्ने छ । जोमसोममा पर्यटक रमाउने बगैंचा बनाउने गरी थप नयाँ कामसमेत भइरहेको छ। धार्मिक पर्यटक सिधै माथिल्लो क्षेत्रमा जाने र फर्किने गरेको अवस्थामा सदरमुकाम जोमसोम क्षेत्रमा समेत घुम्न मिल्ने वातावरण बनाउने कार्यक्रम छ । कालीगण्डकीमा पाइने शालिग्राम शिलाको संरक्षणका लागि सङ्ग्रहालय बनाएर अवैध उत्खनन रोक्ने योजना पनि छ। हरेक वर्ष शिला खोज्न कालीगण्डकीमा जाँदा दुर्घटना हुने गरेकाले त्यसको न्यूनीकरणका लागि यो कार्यले सघाउने छ । आगामी बजेटबाट यहाँको थप सौन्दर्यीकरणका लागि समेत बजेट विनियोजन गरिने भएको छ। यो कार्यबाट एकदिन भए पनि पर्यटकको बसाइ लम्ब्याउने योजना छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## जापान र नेदरल्याण्ड्सको रोमाञ्चक बराबरी

***काठमाडौं, असार १ गते ।***

एसियाली पावर हाउस जापान र उपाधि दावेदार नेदरल्यान्ड्सले फिफा विश्वकपको पहिलो खेलमा बराबरी खेल्दै अङ्क बाँडेका छन् ।

अमेरिकाको डालास स्टेडियममा आइतबार राति भएको खेलमा जापान र नेदरल्यान्डस्ले २-२ गोलको रोमाञ्चक बराबरी खेले । खेलमा सुरुवाती अग्रता नेदरल्यान्ड्सले लिएको थियो ।

५१औं मिनेटमा कप्तान भर्जिल भान डाइकले गोल गर्दै टोलीलाई अग्रता दिलाउनुभयो । त्यसपछि ५७औं मिनेटमा केइतो नाकामुराले गोल गर्दै खेललाई बराबरीमा ल्याउनुभयो। त्यसपछि ६४औँ मिनेटमा क्रिसेन्सियो समरभिलले उत्कृष्ट गोल गर्दै



नेदरल्यान्ड्सलाई पुनः अग्रता दिलाउनुभयो । तर, ८८औँ मिनेटमा डाइची कामाडाले गोल गर्दै जापानलाई हारबाट जोगाउनुभयो । समूह 'एफ' मा पहिलो बराबरीसँगै दुवै टोलीले एक एक अङ्क बाँडेका छन् ।

यही समूहको अर्को खेलमा स्विडेनले ट्युनिसियालाई ५-१ गोलले हराएको छ। जितसँगै तीन अङ्क बनाएको स्वीडेन समूह 'एफ' को शीर्षस्थानमा छ। ट्युनिसियाले हारबाट विश्वकपको सुरुवात गरेको छ ।

## आफ्नो देशको खेल छोडेर प्रेमिकाको शोमा पुगे क्यानडाका पूर्वप्रधानमन्त्री ट्रुडो

***असार १, काठमाडौं ।***

क्यानडाका पूर्वप्रधानमन्त्री जस्टिन ट्रुडोले आफ्नो देशको पहिलो विश्वकप फुटबल खेल छोडेर पप स्टार गर्लफ्रेन्ड केटी पेरीको साङ्गीतिक कार्यक्रममा सहभागी भएको भन्दै आलोचना भएपछि बचाउमा उत्रिएका छन् ।

५४ वर्षीय ट्रुडोले गत शुक्रबार बोस्निया एन्ड हेर्जेगोभिनाविरुद्ध भएको क्यानडाको पहिलो खेल हेर्नुको साटो अमेरिकामा आयोजित उद्घाटन समारोह रोजेका थिए। जहाँ उनकी प्रेमिका पेरीले प्रस्तुति दिइरहेकी थिइन्। यस विषयलाई लिएर सामाजिक सञ्जालमा आलोचना भएपछि आइतबार ट्रुडोले सामाजिक सञ्जाल 'एक्स'मा एक पोस्ट गर्दै स्पष्टीकरण दिएका छन्। उनले लेखेका छन्, 'कहिलेकाहीँ एउटा सहयोगी प्रेमी हुनुको कर्तव्यले बोलाउँछ। तर म




विश्वकपको उपाधि कसले जितोस् भन्ने चाहन्छु, त्यो तपाईंहरूलाई राम्रोसँग थाहा छ।' सन् १९९४ पछि अमेरिकामा पहिलो पटक आयोजना भएको विश्वकपको लस एन्जलस उद्घाटन समारोहमा केटी पेरी आकर्षणका रूपमा रहेकी थिइन्। उनले शुक्रबार अमेरिका र पाराग्वेबीचको खेल सुरु हुनुअघि आफ्नो चर्चित गीत 'वन्डर' गाएकी थिइन्। ट्रुडो र पेरीबिचको सम्बन्धको चर्चा पहिलो पटक सन् २०२५ को जुलाईमा सुरु भएको थियो भने सोही वर्षको डिसेम्बरमा उनीहरूले आफ्नो सम्बन्धलाई आधिकारिक रूपमा पुष्टि गरेका थिए। ट्रुडोले यसअघि सञ्चारकर्मी सोफी ग्रेगोइरे ट्रुडोसँग १८ वर्ष लामो वैवाहिक सम्बन्ध तोड्दै सन् २०२३ मा डिभोर्स गरेका थिए।

उनीहरूका तीन सन्तान छन्। ट्रुडोले सन् २०२५ को जनवरीमा लिबरल पार्टीको नेताबाट राजीनामा दिँदै आफ्नो ९ वर्ष लामो प्रधानमन्त्रीको कार्यकाल अन्त्य गरेका थिए।

## बारामा आर्थिक...

गणक र ९ जना सुपरिवेक्षक परिचालन गरिएको छ। उनीहरूले स्थानीय तह, वडा कार्यालय तथा सरोकारवाला निकायसँग समन्वय गरी व्यवसाय तथा प्रतिष्ठानमा पुगेर आवश्यक विवरण सङ्कलन गरिरहेका छन्।

गणनाको क्रममा जिल्लाका १६ वटै स्थानीय तहमा रहेका उद्योग, व्यापार, सेवा, होटल, रेष्टुरेन्ट, निर्माण सामग्री, वित्तीय सेवा, कृषि तथा अन्य आर्थिक गतिविधिसँग सम्बन्धित प्रतिष्ठानहरूको विवरण संकलन गरिएको कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ, स्थानीय तह, व्यवसायी तथा अन्य सरोकारवालाबाट प्राप्त सहयोगका कारण गणना कार्य प्रभावकारी रूपमा अगाडि बढिरहेको जिल्ला आर्थिक गणना कार्यालयले जनाएको छ। निर्धारित समयभित्र गुणस्तरीय तथ्याङ्क सङ्कलन सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको अधिकारी दासले बताए।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गरिरहेको आर्थिक गणनाको उद्देश्य मुलुकका आर्थिक प्रतिष्ठानको वास्तविक अवस्था, रोजगारीको स्थिति, व्यवसायको प्रकृति, लगानीको अवस्था तथा आर्थिक योगदानसम्बन्धी विस्तृत विवरण सङ्कलन गर्नु रहेको छ।

गणनाबाट प्राप्त तथ्याङ्कले संघ, प्रदेश तथा स्थानीय तहका सरकारलाई नीति निर्माण, योजना तर्जुमा, लगानी प्रवर्द्धन तथा आर्थिक विकासका कार्यक्रम तय गर्न महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

कार्यालयले गणनामा सहयोग गर्न तथा कुनै कारणवश छुटेका प्रतिष्ठानहरूले गणनाकर्मीलाई आवश्यक विवरण उपलब्ध गराउन सम्बन्धित व्यवसायी तथा उद्योगीलाई आग्रह गरेको छ। आर्थिक गणनाको अन्तिम प्रतिवेदन सार्वजनिक भएपछि बारा जिल्लाको आर्थिक संरचना, व्यावसायिक प्रवृत्ति तथा रोजगारीको अवस्थाबारे थप स्पष्ट चित्र प्राप्त हुने जिल्ला आर्थिक गणना अधिकारी राजेश दासले जानकारी दिए।

## मधेश...

प्रभावकारी बनाउने तथा विकास आयोजनाको कार्यान्वयनमा जवाफदेहिता सुनिश्चित गर्ने नीति बजेटले अवलम्बन गरेको सरकारको दाबी छ।

बजेट सार्वजनिक भएसँगै विभिन्न क्षेत्रबाट मिश्रित प्रतिक्रिया आउन थालेका छन्। अर्थविद् तथा नीति विश्लेषकहरूले प्रदेशको आर्थिक अवस्था र स्रोत क्षमतालाई ध्यानमा राखेर यथार्थपरक बजेट ल्याइएको बताएका छन्। उनीहरूका अनुसार बजेटमा कृषि, पूर्वाधार, स्वास्थ्य तथा सामाजिक क्षेत्रलाई प्राथमिकता दिनु सकारात्मक पक्ष भए पनि यसको सफलता कार्यान्वयन क्षमतामाथि निर्भर रहनेछ।

अर्थविद्हरूले विगतमा बजेट विनियोजन भए पनि खर्च कार्यान्वयन कमजोर रहने समस्या दोहोरिँदै आएको उल्लेख गर्दै यसपटक योजना कार्यान्वयन, अनुगमन र परिणाममुखी खर्चमा विशेष ध्यान दिनुपर्ने सुझाव दिएका छन्।

मधेश प्रदेश सरकारले भने आगामी आर्थिक वर्षको बजेटले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेको छ। अब बजेट कार्यान्वयनको प्रभावकारिताले नै सरकारको लक्ष्य कति सफल हुन्छ भन्ने निर्धारण गर्ने देखिएको छ।

## इँटाभट्टा...

पानी भरिने गरेको छ। यस्ता खुला र असुरक्षित खाडलका कारण बालबालिकाको ज्यान जोखिममा पर्ने गरेको भन्दै स्थानीयले सम्बन्धित निकाय र इँटाभट्टा सञ्चालकलाई आवश्यक सुरक्षा व्यवस्था गर्न आग्रह गरेका छन्।

## बागमती...

छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार बजेटलाई कार्यान्वयनमुखी, यथार्थपरक तथा जनमुखी बनाउने प्रयास गरिएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ मा बागमती प्रदेश सरकारले ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट ल्याएको थियो। प्रदेश सरकारले आगामी बजेटमार्फत विकास निर्माणका कामलाई तीव्रता दिने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने तथा आर्थिक गतिविधि विस्तार गरी समृद्ध बागमती निर्माणको लक्ष्य अघि सारेको छ।

## कर्णालीमा...

शाहले जानकारी दिए।

यस्तै, सुर्खेत विमानस्थल विस्तारका लागि ५ करोड रुपैयाँ बजेट छुट्याइएको छ। प्रदेश सरकारले संघीय सरकारसँगको समन्वयमा सुर्खेतबाट कर्णालीका अन्य जिल्लामा नियमित हवाई सेवा विस्तार गर्ने योजना पनि अघि सारेको छ। बजेट भाषणमा अर्थमन्त्री शाहले प्रदेशभित्र हवाई पहुँच विस्तार गरी दुर्गम जिल्लाको आवागमनलाई सहज बनाउने लक्ष्य लिइएको बताए।

प्रदेश सरकारले खानेपानी, ऊर्जा, सिँचाइ र यातायात पूर्वाधारलाई प्राथमिकतामा राख्दै आगामी वर्ष विकास निर्माणका ठूला आयोजनालाई तीव्रता दिने जनाएको छ।

## भारतीय...

भारतीय पक्षले पछिल्लो समय बाँधमा थप माटो हालेर उचाइ र चौडाइ बढाउने काम गरिरहेको छ। यसले वर्षायाममा पानीको बहाव रोकिएर नेपालतर्फ फर्किने तथा बस्तीहरू जलमग्न हुने जोखिम बढाएको छ।

गौर नगरपालिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताले सीमाक्षेत्रमा दुवै देशको सहमतिबिना यस्ता संरचना विस्तार गर्नु नेपाल-भारतबीचको समझदारीको भावना विपरीत भएको बताए। नेपाल पत्रकार महासंघ रौतहटका सचिव गौतम श्रेष्ठले पनि बाँधका कारण नेपालतर्फ पानीको चाप बढ्दै गएको र हरेक वर्ष ठूलो धनजनको क्षति हुने गरेको बताए।

यता रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतीय समकक्षीसँग यस विषयमा ध्यानाकर्षण गराइएको जानकारी दिएका छन्। तर स्थानीयवासीले वर्षौंदेखि समस्या दोहोरिँदा पनि स्थायी समाधान नखोजिएको भन्दै नेपाल सरकारले कूटनीतिक तथा प्राविधिक पहलमार्फत तत्काल निकास खोज्नुपर्ने माग गरेका छन्। स्थानीयको भनाइमा हरेक वर्ष डुबानले करोडौं रुपैयाँ बराबरको बालीनाली, घर तथा भौतिक संरचनामा क्षति पुऱ्याउने गरेको छ। वर्षायाम सुरु भएसँगै सीमावर्ती बासिन्दा फेरि एकपटक डुबानको त्रासमा बाँच्न बाध्य भएका छन्।

## सेफ ...

शिला रेस्टुरेन्ट मिथिला थाली प्रालिले खरिद गर्ने क्रममा साहले दिएको चेक बाउन्स भएपछि उक्त विवाद अदालतसम्म पुगेको थियो। हाल साहमाथि ठगीसम्बन्धी आरोपमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## प्रदेशिक...

औपचारिक स्पष्टता भने आउन सकेको छैन।


अस्पतालमा जनशक्तिको अभाव, औषधि व्यवस्थापनको कमजोरी र सेवा प्रवाहमा ढिलाइ जस्ता समस्या पनि उत्तिकै गम्भीर रूपमा उठिरहेका छन्। बिरामीहरूलाई आवश्यक औषधि अस्पतालभित्रै उपलब्ध नहुनु, बाहिरका फार्मेसीतर्फ पठाइने प्रवृत्ति तथा बिमा अन्तर्गत आउने बिरामीलाई समयमै सेवा नपाइने गुनासो सामान्यजस्तै बनेका छन्।

कतिपय अवस्थामा चिकित्सक उपलब्ध हुँदा पनि सेवा ढिलाइ हुने, 'भोलि-पर्सि आउनु' भन्दै बिरामी फर्काइने तथा निजी क्लिनिकतर्फ धकेलिने प्रवृत्ति रहेको आरोपसमेत छ। यसले गरिब तथा बिमा सुविधामा आश्रित बिरामीहरू बढी प्रभावित भएको देखिन्छ।

पदपूर्ति प्रक्रिया रोकिँदा आवश्यक स्वास्थ्यकर्मी, चिकित्सक, टेक्निसियन र अनमीको अभाव झनै गहिरिँदै गएको छ। परिणामस्वरूप अस्पतालको सेवा क्षमता कमजोर हुँदै गएको र बिरामीले सास्ती भोग्नुपरेको अवस्था छ।

यस समग्र अवस्थाले एउटा प्रश्न उब्जाएको छ–प्रदेशिक अस्पताल कलैया जनताको सेवा केन्द्र बन्ने हो वा प्रशासनिक चलखेलको थलो? स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा पारदर्शिता, योग्यतामा आधारित नियुक्ति, औषधि आपूर्ति सुनिश्चितता र प्रभावकारी सेवा प्रवाह अनिवार्य हुन्छ। तर हालको अवस्था हेर्दा यी सबै पक्ष कमजोर देखिन्छन्। अब आवश्यकता छ– तत्काल निष्पक्ष छानबिन, रोकिएको पदपूर्ति प्रक्रिया सार्वजनिक पारदर्शितासहित अघि बढाउने र अस्पताललाई राजनीतिक तथा स्वार्थ समूहको प्रभावबाट मुक्त गर्ने।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# लुम्बिनी प्रदेशको ३७ अर्ब ३८ करोडको बजेट सार्वजनिक

*बुटवल, असार १ ।*

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले सोमबार प्रदेश सभामा बजेट प्रस्तुत गर्दै 'समृद्ध लुम्बिनी, खुसी नागरिक' अभियानलाई निरन्तरता दिइएको बताएका छन्।

कुल बजेटमध्ये २२ अर्ब ७१ करोड रुपैयाँ पुँजीगततर्फ र ११ अर्ब ११ करोड रुपैयाँ चालुतर्फ विनियोजन गरिएको छ। चालु आर्थिक वर्षको तुलनामा आगामी वर्षको बजेटको आकार केही घटाइएको छ।



बजेटले पूर्वाधार विकास, कृषि, शिक्षा, स्वास्थ्य, उद्यमशीलता प्रवर्द्धन, रोजगार सिर्जना तथा डिजिटल सेवाको विस्तारलाई प्राथमिकतामा राखेको छ। स्टार्टअप तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्न 'उद्यम विकास कोष' स्थापना गरिने तथा उद्योग स्थापना गर्ने उद्यमीलाई विभिन्न सहुलियत उपलब्ध गराइने भएको छ।

शिक्षातर्फ प्राविधिक शिक्षा, छात्रवृत्ति तथा सामुदायिक विद्यालयको विकासका लागि बजेट विनियोजन गरिएको छ भने स्वास्थ्यतर्फ क्यान्सर, मिर्गौला तथा मुटु रोगका बिरामीलाई आर्थिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको छ।

त्यसैगरी सिँचाइ विस्तारका लागि ८६ करोड ४१ लाख रुपैयाँ, बहुवर्षीय आयोजना सम्पन्न गर्न ४ अर्ब रुपैयाँ तथा प्रदेश गौरवको आयोजनाअन्तर्गत रामपुर-कपुरकोट सडक निर्माणका लागि २१ करोड रुपैयाँ छुट्याइएको छ। प्रदेश सरकारले स्थानीय तहलाई विभिन्न शीर्षकमा अनुदान उपलब्ध गराउने व्यवस्था गरेको छ। बजेटमा सुशासन, वित्तीय अनुशासन, वातावरण संरक्षण तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने कार्यक्रमसमेत समेटिएका छन्।

# बागमती प्रदेशले ल्यायो करिब ६६ अर्बको बजेट, पूर्वाधार र सामाजिक सुरक्षामा जोड

*काठमाडौं, असार १ ।*

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि करिब ६६ अर्ब रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेश सभामा बजेट प्रस्तुत गर्दै पूर्वाधार विकास, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य तथा गरिबी न्यूनीकरणलाई प्राथमिकतामा राखिएको बताएका छन्। बजेटमा प्रदेशभित्रका अति विपन्न नागरिकको आवास व्यवस्थालाई विशेष महत्व दिँदै एक हजार परिवारको घर निर्माणका लागि २० करोड रुपैयाँ विनियोजन गरिएको छ। सरकारले यो कार्यक्रममार्फत घरबारविहीन तथा



जोखिमपूर्ण बासस्थानमा रहेका परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने लक्ष्य लिएको जनाएको छ। प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माण, सडक सञ्जाल विस्तार, कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा सामाजिक क्षेत्रको सुदृढीकरणलाई पनि बजेटको प्रमुख प्राथमिकतामा राखेको छ। साथै शिक्षा र स्वास्थ्य सेवाको पहुँच विस्तार तथा नागरिकको जीवनस्तर उकास्ने कार्यक्रमलाई निरन्तरता दिइएको

बाँकी तेस्रो पृष्ठमा

# कर्णालीमा खानेपानी, ऊर्जा र हवाई सेवामा जोड, जलस्रोत मन्त्रालयलाई झण्डै ४ अर्ब ८२ करोड बजेट

*सुर्खेत, असार १ ।*

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गत ४ अर्ब ८१ करोड ९५ लाख ८६ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। चालु आर्थिक वर्षमा उक्त मन्त्रालयका लागि ३ अर्ब ८३ करोड रुपैयाँ बजेट रहेको थियो।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री विनोदकुमार शाहले बजेट प्रस्तुत गर्दै खानेपानी, सिँचाइ, ऊर्जा तथा हवाई पूर्वाधारलाई प्राथमिकतामा राखिएको बताए। उनका अनुसार 'एक घर, एक धारा' अभियान तथा बहुप्रतिक्षित भेरी लिफ्टिङ खानेपानी आयोजनालाई विशेष महत्व दिइएको छ।



वीरेन्द्रनगरको दीर्घकालीन खानेपानी समस्या समाधान गर्न भेरी लिफ्टिङ खानेपानी आयोजना तथा शारदा नगरपालिकाको जलकुण्डा लिफ्टिङ आयोजनाका लागि ३० करोड रुपैयाँ विनियोजन गरिएको छ। यस्तै, प्रदेशका तीन जिल्लामा जलवायु उत्थानशील खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्न २० करोड ७५ लाख रुपैयाँ छुट्याइएको छ।

सिँचाइ पूर्वाधार विस्तारका लागि विभिन्न योजनामा ६ करोड ६३ लाख रुपैयाँ विनियोजन गरिएको छ। सुर्खेतको बुलबुलेदेखि निकास खोलासम्म बहुउद्देश्यीय परियोजनाका लागि २० करोड ३३ लाख ९० हजार रुपैयाँ तथा जुम्लाको जुम्ल्यामुल ताल बहुउद्देश्यीय आयोजनाका लागि ३ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको छ।

ऊर्जा क्षेत्रको विकासका लागि ठूला जलविद्युत् आयोजनामा प्रदेश सरकारको स्वामित्व रहने गरी सेयर लगानी गर्न ५० करोड रुपैयाँ विनियोजन गरिएको मन्त्री

बाँकी तेस्रो पृष्ठमा

# रुपन्देही अदालतबाट पनि रवि लामिछानेलाई राहत, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग खारेज

*भैरहवा, असार १ ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने विरुद्ध रुपन्देही जिल्ला अदालतमा दायर गरिएको संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग फिर्ता भएको छ। जिल्ला अदालत रुपन्देहीका न्यायाधीश रमेशकान्त अधिकारी को इजलासले सहकारी ठगीको मुद्दा यथावत राख्दै त्यससँगै थप गरिएका दुई अभियोग खारेज गर्ने आदेश दिएको हो।

अदालतको आदेशसँगै लामिछानेमाथि लगाइएको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग यस जिल्लामा पनि टिक्न नसकेको देखिएको छ। यसअघि विभिन्न अदालतहरूबाट समेत यस्ता अभियोगबारे कानुनी बहस भइरहेका बेला रुपन्देही अदालतको पछिल्लो आदेशलाई लामिछाने पक्षका लागि अर्को कानुनी राहतका रूपमा हेरिएको छ।



यो मुद्दामा लामिछानेसँगै सहकारी प्रकरणका मुख्य अभियुक्त मानिएका जीबी राई, कुमार रम्तेल लगायतविरुद्ध लगाइएका संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग पनि फिर्ता भएका छन्। तर सहकारी ठगीसम्बन्धी मूल मुद्दा भने अदालतमा कायमै रहने भएको छ। रुपन्देहीस्थित सहकारी संस्थाको रकम अपचलन तथा बचतकर्ताको रकम हिनामिना भएको आरोपमा दायर गरिएको मुद्दामा सरकारी पक्षले सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरसमेत आकर्षित हुने दाबी गरेको थियो। तर अदालतले प्रारम्भिक सुनुवाइ र कानुनी आधारहरूको परीक्षणपछि ती दुई अभियोगलाई निरन्तरता दिन नपर्ने निष्कर्ष निकालेको हो।


# जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा–बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।


# सेफ सन्तोष साह थप तीन दिन हिरासतमा

*काठमाडौं, असार १ ।*

चर्चित सेफ तथा व्यवसायी सन्तोष साहलाई हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीले जिल्ला अदालत काठमाडौंबाट थप तीन दिनको म्याद लिएको छ।

उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले साह र उनका दाजु ५८ वर्षीय नारायण साह सुडीलाई शनिबार पक्राउ गरी काठमाडौं ल्याएको थियो। दुई वटा मुद्दामध्ये ठगीसम्बन्धी मुद्दामा अनुसन्धानका लागि अदालतबाट



म्याद लिइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार साहविरुद्ध ४ लाख ५० हजार रुपैयाँ ठगी गरेको आरोपमा जिल्ला प्रहरी परिसर काठमाडौंमा जाहेरी दर्ता भएपछि पक्राउ पुर्जी जारी गरिएको थियो। सिरहाको कर्जन्हा नगरपालिका-९ स्थायी घर भई काठमाडौंमा बस्दै आएका ४० वर्षीय साह मिथिला थाली नामक रेस्टुरेन्टका सञ्चालक हुन्। उनीमाथि आर्जव होल्डिङ प्रालिलाई दिएको २५ लाख रुपैयाँको चेक नसाटिएको बैंकिङ कसुरसम्बन्धी मुद्दामा बिगो भराउने र एक महिना कैद सजाय हुने फैसला यसअघि नै भइसकेको छ। नक्सालस्थित गैरीधारामा रहेको

बाँकी तेस्रो पृष्ठमा


## डेंगुबाट कसरी बच्न सकिन्छ ?

१. लामखुट्टा मार्ने औषधि छर्ने
२. शरीर पुरै ढाग्ने कपडा लगाउने
३. लामखुट्टे भगाउने धुप प्रयोग गर्ने
४. झुल लगाएर मात्र सुत्ने
५. पानी जम्ने खाल्डाखुल्डी पुर्ने
६. सरसफाईमा विशेष ध्यान दिने र पानी जम्मा गर्ने

लामखुट्टा नियन्त्रण
पुरा शरीर ढाकने
भुल लगाएर सुत्ने
पानी जम्मा नदिने

MOSKLEEN MOSQUITO REPELLENT LONG LASTING PROTECTION 4 HOUR PROTECTION 4x सुरक्षा
सुरक्षित रहौं, डेंगुबाट बचौं ।

कलैया उपमहानगरपालिका
कलैया, बारा



## डेंगुबाट कसरी बच्न सकिन्छ ?

१. लामखुट्टा मार्ने औषधि छर्ने
२. शरीर पुरै ढाग्ने कपडा लगाउने
३. लामखुट्टे भगाउने धुप प्रयोग गर्ने
४. झुल लगाएर मात्र सुत्ने
५. पानी जम्ने खाल्डाखुल्डी पुर्ने
६. सरसफाईमा विशेष ध्यान दिने र पानी जम्मा गर्ने

MOSKLEEN MOSQUITO REPELLENT 4x सुरक्षा
सुरक्षित रहौं, डेंगुबाट बचौं ।

महागढीमाई नगरपालिका
बरियारपुर, बारा



## डेंगुबाट कसरी बच्न सकिन्छ ?

१. लामखुट्टा मार्ने औषधि छर्ने
२. शरीर पुरै ढाग्ने कपडा लगाउने
३. लामखुट्टे भगाउने धुप प्रयोग गर्ने
४. झुल लगाएर मात्र सुत्ने
५. पानी जम्ने खाल्डाखुल्डी पुर्ने
६. सरसफाईमा विशेष ध्यान दिने र पानी जम्मा गर्ने

MOSKLEEN MOSQUITO REPELLENT 4x सुरक्षा
सुरक्षित रहौं, डेंगुबाट बचौं ।

फेटा गाउँपालिका
फेटा, बारा



## डेंगुबाट कसरी बच्न सकिन्छ ?

१. लामखुट्टा मार्ने औषधि छर्ने
२. शरीर पुरै ढाग्ने कपडा लगाउने
३. लामखुट्टे भगाउने धुप प्रयोग गर्ने
४. झुल लगाएर मात्र सुत्ने
५. पानी जम्ने खाल्डाखुल्डी पुर्ने
६. सरसफाईमा विशेष ध्यान दिने र पानी जम्मा गर्ने

MOSKLEEN MOSQUITO REPELLENT 4x सुरक्षा
सुरक्षित रहौं, डेंगुबाट बचौं ।

करैयामाई गाउँपालिका
बारा